केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३१/०६८/६९ मिति: २०६९/०२/२८

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. २/०६८ को बुँदा नं. १५ को खण्ड (ग) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ।
*"यसरी प्रदान गरिएको कर्जाको भुक्तानी अवधि बढीमा धितोपत्र ऐन, नियमावली र धितोपत्रसंग सम्बन्धित नियम बमोजिम शेयर बाँडफाँड गरी रकम फिर्ता गर्ने अवधिसम्म हुनेछ। यस्तो कर्जाको पुनरसंरचना र पुनरतालिकीकरण गर्न पाइने छैन।"*

२. सोही निर्देशन नं. २/०६८ को बुँदा नं. १६ को खण्ड (क) को उपखण्ड (९) मा उल्लिखित व्यवस्था पछि देहायको प्रतिवन्धात्मक व्यवस्था थप गरिएको छ।
*"तर, ब्रोकरले जमानत दिने सम्बन्धी प्रक्रिया बारेमा नेपाल धितोपत्र वोर्ड र नेपाल धितोपत्र विनिमय बजार लि. ले आवश्यक व्यवस्था गरेको आधारमा शेयरको सक्कलै प्रमाणपत्र प्राप्त नभएको अवस्थामा पनि ब्रोकरको जमानत र शेयर खरिद/विक्री रसिदका आधारमा आवश्यक मार्जिन कायम गरी बढीमा एक वर्षको लागि कर्जा प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन। यस्तो कर्जाबाट सृजना हुन सक्ने जोखिम न्यूनीकरणको लागि इजाजतपत्र प्राप्त संस्थाले उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।